नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
# (LGCDP)
# कार्यक्रम समन्वय इकाई

प. सं. :- ०७४/७५
च. नं. :- २०८

सिंहदरबार, काठमाण्डौ ।

मिति: २०७४/१०/०३

श्री महा/ उप महा/ नगरपालिकाको कार्यालय (सबै)
श्री गाउँपालिकाको कार्यालय (सबै)

विषय: **स्पष्ट पारिएको सम्बन्धमा**

यस कार्यक्रम अन्तर्गत स्थानीय तहहरूले चालु आ. व. २०७४/७५ को लागि सूचना प्रविधि अधिकृत (IT Officer) करारमा सेवा लिने प्रक्रियाको सम्बन्धमा केहि स्थानीय तहहरुबाट स्पष्टता माग भई आएको सम्बन्धमा यस मन्त्रालयको मिति २०७४/१०/०३ को सचिव स्तरीय निर्णयानुसार देहाय बमोजिम स्पष्ट पारिएको व्यहोरा अनुरोध छ ।

- यस कार्यालयको पत्र (मिति २०७४/०७/१७, च.नं. १२७) को बुँदा नं ३. (ग) अनुसार सूचना प्रविधि अधिकृत (IT Officer) को शैक्षिक योग्यताको सन्दर्भमा लोक सेवा आयोगको कम्प्युटर अधिकृतको शैक्षिक योग्यता वा Computer वा Information and Communication Technology वा सो सरहको विषयमा स्नातक उपाधिलाई आधार मान्ने निर्णय बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट BE. Electronics and Communication Engineering तथा BTech Electronics and Communication Engineering मा स्नातक उत्तिर्ण गरेका समेत योग्य उम्मेदवार हुने ।

- मन्त्रालयबाट पठाइएको छोटो सूची (Shortlist) को मापदण्ड बमोजिम छोटो सुची तयार गर्ने क्रममा मापदण्डमा उल्लेखित सूचकहरुलाई आधार मान्दा प्रथम पटक प्रकाशित सूचना बमोजिम कुनै आवेदक छोटो सूचीमा नपरेमा पुन: दोस्रो पटक ७ दिने सुचना प्रकाशन गरी सम्बन्धित कार्यपालिकाको वेवसाईट, कार्यालय तथा वडा कार्यालयहरु एवं जिल्ला स्थित कार्यालयहरु सूचना टाँस गरी पुन: आवेदन माग गर्ने र सो गर्दा समेत कुनै आवेदक छोटो सूचीमा नपरेमा सूचना प्रविधि अधिकृत छनौट समितिले छोटो सूचीका लागि निर्धारित सूचकहरुको अंकभार बस्तुनिष्ठ तरिकाले पुनरावलोकन तथा परिमार्जन गर्न सक्ने र यसरी छोटो सूचीमा परेका आवेदकहरुको छनौट प्रक्रिया अघि बढाउने ।

(रेशम कँडेल)
राष्ट्रिय कार्यक्रम प्रबन्धक

फोन: ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np